# विविधता र समावेशी नीति

## SASS मा सबैलाई स्वागत छ
SASS मा, हामी सबैले सुरक्षित, स्वागतयोग्य र सम्मानित महसुस गरून् भन्ने चाहन्छौँ।

हामीलाई थाहा छ कि मानिसहरूका फरक फरक पहिचान, पृष्ठभूमि, संस्कृति र जीवनका अनुभवहरू हुन्छन्। हामी विश्वास गर्छौं कि सबैजना सम्मानजनक, समावेशी र भेदभावमुक्त सहायताको पहुँचका लागि हकदार छन्।

## हामीबाट तपाईंले के अपेक्षा गर्न सक्नुहुन्छ
हामीले निम्न कार्य गर्नेछौं:
- ✓ तपाईंलाई सम्मान र मर्यादापुर्वक व्यवहार गर्नेछौँ
- ✓ तपाईंको कुरा सुन्नेछौं र तपाईंका अनुभवहरूको कदर गर्नेछौं
- ✓ तपाईंको पहिचान, संस्कृति र पृष्ठभूमिको सम्मान गर्नेछौं
- ✓ सुरक्षित र समावेशी वातावरण सिर्जना गर्न कदम चल्नेछौं
- ✓ सहायताको पहुँच लिँदा आइपर्ने बाधा अड्चनहरू हटाउन सक्दो प्रयास गर्नेछौं
- ✓ सम्भव भएसम्म बुझ्न सजिलो हुने तरिकाले जानकारी प्रदान गर्नेछौं
- ✓ तपाईंको प्रतिक्रिया र विचारहरूलाई स्वागत गर्नेछौं

## हामी सबै समुदायका मानिसहरूलाई स्वागत गर्दछौं
SASS ले सबै वर्गका मानिसहरूलाई सहायता गर्दछ:
- ✓ सबै संस्कृति र पृष्ठभूमिका मानिसहरू
- ✓ सबै लिङ्ग र लैङ्गिक पहिचान भएका मानिसहरू
- ✓ भिन्न यौन झुकाव भएका मानिसहरू
- ✓ सबै उमेर समूहका मानिसहरू
- ✓ सबै क्षमताका मानिसहरू
- ✓ सबै धर्म र आस्थाका मानिसहरू
- ✓ सबै पारिवारिक र सामुदायिक पृष्ठभूमिका मानिसहरू

केही व्यक्तिहरूले सहयोग माग्दा भेदभाव, बहिष्कार वा अवरोधहरूको सामना गरेको कुरा हामीले महसुस गरेका छौँ।

हामी मानिसहरूले सुरक्षित, समावेशी र सम्मानित महसुस हुने सेवाहरू तय गर्न प्रतिबद्ध छौँ।

## तपाईंलाई के आवश्यक छ हामीलाई थाहा दिनुहोस्
यदि तपाईंलाई निम्न कुराहरू आवश्यक छ भने हामीलाई भन्न सक्नुहुन्छ:
- ✓ फरक ढाँचामा जानकारी

- ✓ संवाद गर्न सहायता
- ✓ पहुँचयोग्यता समायोजन
- ✓ दोभाषे
- ✓ सहयोगी व्यक्ति सँगै ल्याउन

हामी तपाईंको आवश्यकताहरू पूरा गर्न सक्दो प्रयास गर्नेछौँ।

## मनमा केही शङ्का लागेमा

सबैलाई सुरक्षित र सम्मानित महसुस गर्ने अधिकार छ।

यदि तपाईंले भेदभाव भोग्नुभयो, असहज महसुस गर्नुभयो, वा यसमा केही सुधार गर्न सक्थियों भन्ने लागेमा, हामी तपाईंको कुरा सुन्न चाहन्छौं।

प्रतिक्रिया दिँदैमा वा गुनासो गर्दैमा SASS बाट प्राप्त हुने सहायतामा कुनै असर पर्ने छैन्।
तपाईंले हाम्रो प्रतिक्रिया तथा गुनासो सम्बन्धी जानकारीमा थप जान्न सक्नुहुन्छ।

## हाम्रो प्रतिबद्धता

हामी सबैलाई स्वागतयोग्य, समावेशी र सम्मानित महसुस हुने सेवाहरू सिर्जना गर्न प्रतिबद्ध छौँ।
तपाईंको आवाज, पहिचान र अनुभवहरू महत्त्वपूर्ण छन्।